# नेपाल राष्ट्र बैंक
## प्रेस समाचार

### ग्लोवल आइएमइ बैंक लि.सँग सोसियल डेभलपमेण्ट बैंक लि. र गुल्मी विकास बैंक लि.को मर्जर

ग्लोबल आइएमइ बैंक लिमिटेडसँग सोसियल डेभलपमेण्ट बैंक लिमिटेड र गुल्मी विकास बैंक लिमिटेडलाई एक आपसमा गाभिएर संयुक्तरूपमा वित्तीय कारोवार शुभारम्भ कार्यक्रमको प्रमुख अतिथिको रूपमा बोल्नु हुँदै गभर्नर डा. युवराज खतिवडाले सबैलाई शुभकामना व्यक्त गर्दै बैंकले आफ्नो कुशलता र क्षमता बढाउँदै वित्तीय सेवा नपुगेका क्षेत्रहरूमा अझ विस्तृत रूपमा वित्तीय सेवा विस्तार गर्न जोड दिनु भयो ।



नेपाल राष्ट्र बैंकले अपनाएको मर्जर प्रक्रिया आफैमा साध्य नभई साधन मात्र भएको र कुनै एक निर्दिष्ट लक्ष्य प्राप्तिका लागि साझा एजेण्डा भएको जानकारी दिनु भयो । मर्जर प्रक्रियाले कारोवार सञ्जाल विस्तार गर्न, वित्तीय क्षेत्रको विस्तार र पहुँच अभिबृद्धि गर्न, सेवाको आधार फराकिलो बनाउन, सञ्चालन लागत घटाउन तथा वित्तीय संलग्नताबाट निकास खोज्ने व्यवसायी/लगानीकर्ताहरूलाई मार्ग प्रशस्त गर्न पनि भूमिका खेलेको कुरा व्यक्त गर्नु भयो ।

उहाँले कुनै पनि बैंक वित्तीय संस्था एकीकृत हुँदा प्रत्येक संस्थाले एक अर्काका सम्भावनाहरू, चुनौतीहरू, सबल तथा दुर्बल पक्षहरूको जानकारी मर्जर अघि नै लिनु पर्ने र मर्जर पछिका गुनासाहरू सकेसम्म न्यून गर्नु पर्नेमा ध्यानाकर्षण गराउनु भयो ।

नेपाल राष्ट्र बैंकले अघि सार्दै आएको वित्तीय सुधारको रणनीति अन्तर्गत वित्तीय पहुँच अभिवृद्धि, वित्तीय संस्थाहरूको पूँजी सुदृढीकरण, वित्तीय संस्थाहरूको जोखिममा केन्द्रीत निरीक्षण तथा सुपरिवेक्षण प्रणाली, केन्द्रीय बैंकको नियमन एवम् सुपरिवेक्षकीय क्षमतामा बृद्धि तथा बैंक वित्तीय संस्थाहरू एक आपसमा गाभिएर भएपनि वित्तीय प्रणाली सुदृढ बनाउने जस्ता कदमहरूलाई दातृ निकायहरूबाट स्वीकारिएको र यसमा उनीहरूको समर्थन रहेको तथा सहयोगको लागि पनि तत्पर रहेको कुरा राख्नु भयो ।

त्यसैगरी, व्यवसायजन्य समस्याहरू तथा अन्य समस्याहरूमा नेपाल राष्ट्र बैंक केही लचिलो भएतापनि मुलुकमा रहेका साधनहरूलाई उत्पादनशील क्षेत्रमा लगाउनु पर्ने कुरामा भने लचकता अपनाउन नसकिने र यसमा बैंक तथा वित्तीय संस्थाहरू स्वस्फूर्त रूपमा लाग्नु पर्नेमा जोड दिनु भयो । यसका लागि सम्बन्धित निकायहरूले ध्यान दिएको खण्डमा बढी पूँजी भएका, वित्तीय पहुँच भएका, थोरै तर बलिया अनि ठूला वित्तीय संस्थाहरूको विकास गर्दै विभिन्न उत्पादनशील क्षेत्रमा लगानी बढाउन सकिनेमा जोड दिनु भयो ।

उहाँले नेपालका आर्थिक परिसूचकहरू राम्रै रहेको तर वस्तुगत व्यापार घाटा बढ्दै गएको जानकारी गराउनु हुँदै यसलाई सुधार गर्न बैंकिङ्ग क्षेत्रले समेत उल्लेख्य भूमिका निर्वाह गर्न सक्ने बताउनु भयो । बैंकिङ्ग क्षेत्रबाट आयात प्रतिस्थापन एवं निर्यातमूखी व्यवसायमा लगानी प्रवर्द्धन गर्न उहाँले जोड दिनुभयो ।

कार्यक्रममा ग्लोवल आइएमई बैंकका अध्यक्षले भावी रणनीति सहितको मन्तव्य व्यक्त गर्नु भएको थियो ।

**गभर्नरको कार्यालय**
मिति २०७० असार ३० गते, आइतबार